२००७

नेपाली

नयाँ पाठ्यक्रम

छैटौं पत्र

(साहित्य-तत्त्व, साहित्य-सिद्धान्त र समालोचना पद्धति)

## प्रथमार्द्ध

[साहित्य तत्त्व र पूर्वीय साहित्य सिद्धान्त]

समयः दुई घण्टा पूर्णाङ्क : ५०

१. रसानुभूति प्रक्रिया र साधारणीकरणबारे आचार्यहरूले व्यक्त गरेका विविध मतहरूको समीक्षा गर्नुहोस् । २०

अथवा

ध्वनि-चिन्तनको ऐतिहासिक विकासक्रम प्रस्तुत गर्दै काव्यमा ध्वनिको स्थान र मूल्य निर्धारण गर्नुहोस् ।

२. कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् । २×१०

(क) 'वक्रोक्तिकाव्यजीवितम्' ।

(ख) अलङ्कारको मनोवैज्ञानिक पक्ष ।

(ग) लक्षणा-व्यापार ।

(घ) काव्यमा औचित्यको स्थिति ।



PG (DE)-II/2007(New)

२००७

नेपाली

नयाँ पाठ्यक्रम

छैटौं पत्र

(साहित्य-तत्त्व, साहित्य-सिद्धान्त र समालोचना पद्धति)

## द्वितीयार्द्ध

[पाश्चात्य साहित्य सिद्धान्त र समालोचना पद्धति]

समयः दुई घण्टा पूर्णाङ्क : ५०

१. पाश्चात्य साहित्य-चिन्तनको युनान-रोमेली परम्पराको ऐतिहासिक विवरण संक्षेपमा प्रस्तुत गर्दै यसमा त्रासदीबारे मत-मतान्तरको समीक्षात्मक चर्चा गर्नुहोस् । २०

अथवा

साहित्य-अध्ययनको वस्तुनिष्ठतावादी मतको विकासमा टि. एस. इलियटले गरेका योगदानको उल्लेख गर्दै उनका वस्तुगत समीकरण सिद्धान्तको समीक्षा गर्नुहोस् ।

२. कुनै दुईवटा विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् :- २×१०=२०

(क) रिचर्ड्सका दृष्टिमा कला र सत्य ।

(ख) वक्रोक्ति (आइरोनी) बारे न्यान्सम र ब्रुक्सका मत ।

(ग) साहित्य-अध्ययनको शैलीवैज्ञानिक पद्धति ।

(घ) प्रगतिवादी समालोचनाका प्रतिमान ।

३. तलका कुनै पाँचवटाबारे लागभग पाँचदेखि सात वाक्यभित्र टिप्पणी लेख्नुहोस् :- ५×२=१०

(क) जाति, परिवेश र काल ।

(ख) अपरिचितीकरण ।

(ग) प्रकल्पना ।

(घ) स्थिति-विपर्यय ।

(ङ) 'कलाको पुनर्निर्माण' ।

(च) अभिप्रायगत हेत्वाभास ।

(छ) त्रासद-त्रुटि ।

(ज) इलियटका दृष्टिमा परम्परा ।

(झ) वैचारिक आदर्श (आइडियोलजी)।

(ञ) कमेडी ।

---

३. कुनै पाँचवटा विषयमा पाँचदेखि सात वाक्यभित्र परिचयात्मक टिप्पणी लेख्नुहोस् । ५×२=१०

(क) काव्य गुण ।

(ख) संलक्ष्यक्रमव्यङ्ग्य ध्वनि ।

(ग) लक्षणामूला शाब्दी व्यञ्जना ।

(घ) पाश्चाली रीति ।

(ङ) 'वाक्यं रसात्मकं काव्यम्' ।

(च) कारयित्री प्रतिभा ।

(छ) छन्द र लय ।

(ज) मिथक ।

(झ) अङ्गीरस ।

(ञ) समालोचना ।

---

२००७

नेपाली

नयाँ पाठ्यक्रम

सातौं पत्र

[ नेपाली गद्य-साहित्य ]

प्रथमार्द्ध

नेपाली निवन्ध

समयः दुई घण्टा पूर्णाङ्क : ५०

१. निवन्धको विधागत स्वरूप चिनाउँदै 'खै-खै' र 'जय भुँडी' निवन्धहरूका निवन्धात्मक स्वरूप-वैशिष्ट्य दर्शाउनुहोस् । २०

अथवा

लक्ष्मीप्रसाद देवकोटाको 'लक्ष्मी निवन्ध सङ्ग्रह'को ऐतिहासिक महत्त्वमाथि प्रकाश पार्दै 'कल्पना' र 'कला र जीवन' निवन्धहरूका आधारमा जीवन र कलावारे उनका धारणाहरू प्रस्ट पार्नुहोस् ।

२. निम्नलिखित कुनै दुई विषयवारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) 'साहित्यमा शिवत्व' निवन्धको कथ्य ।

(ख) निवन्धकार हृदयचन्द्रसिंह प्रधान ।

(ग) 'बुढ्याईं' निवन्धको भाषाशैली ।

(घ) निवन्धकार पारसमणि प्रधान ।





२००७

नेपाली

नयाँ पाठ्यक्रम

सातौं पत्र

नेपाली गद्य-साहित्य

द्वितीयार्द्ध

नेपाली समालोचना

समयः दुई घण्टा पूर्णाङ्क : ५०

१. नेपाली समालोचनाको विकास प्रक्रियामा पूर्वीय समालोचना सिद्धान्तको प्रभाव र प्रेरणावारे चर्चा गर्दै बालचन्द्र शर्माको समालोचना-प्रवृत्तिको विवेचना गर्नुहोस् । २०

अथवा

नेपाली समालोचनाको विकास-प्रक्रियाको समीक्षात्मक चर्चा गर्दै राजनारायण प्रधानका समालोचनागत वैशिष्ट्यको परिचय दिनुहोस् ।

२. निम्नलिखित कुनै दुई विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) 'साझा समालोचना' को महत्त्व ।

(ख) रामकृष्ण शर्माको समालोचनात्मक दृष्टिकोण ।

(ग) 'टिपेका टिप्पणीहरू' का आधारमा समालोचक इन्द्रबहादुर राई ।

(घ) समालोचक वासुदेव त्रिपाठी ।

३. निम्नलिखित कुनै पाँच प्रश्नका उत्तर लेख्नुहोस् । प्रत्येक उत्तर पाँचदेखि सात वाक्यमा लेखिनुपर्छ । ५×२=१०

(क) "शिक्षित नेपालीले आफ्नो घर कहिल्यै पनि बुझ्दैन"- यो कुन निबन्धको वाक्यांश हो ? "शिक्षित नेपाली' भनेर यहाँ लेखकले सत्य ओकलेका छन् कि व्यङ्ग्य कसेका छन् ?

(ख) "हाँस्न जान्नु पनि ठूलो कला हो। कुन मानिससँग कसरी हाँस्नु पर्छ त्यो जानिएन भने रोएको बराबर दुःख पाइन्छ।" 'हाँस्नु' लाई यहाँ 'कला' सँग जोड्नाको आशय के हो ?

(ग) "प्रेम यस्तै अटल हुनुपर्छ, मायाँ यस्तै एकोहोरो र अमर हुनुपर्छ ।" यहाँ कस्को को सँगको प्रेम प्रसंग दर्शाइएको छ? उपर्युक्त अभिव्यक्ति कस्को हो ? उ कस्को प्रेमी हो ?

(घ) "यो नाम थाहा हुनेसाथ म झसङ्ग भएँ ।" –यो कथन कसको हो ? कसको नाम थाहा भएपछि को झसङ्ग भयो र किन ?

(ङ) "कुकुर छाउरालाई दौडर दौड्न सिकाउँछ, चरा बचालाई उडेर उड्न सिकाउँछ मानिस बालकलाई कुरा गरेर कुरा गर्न सिकाउँछ।" –प्रस्तुत वाक्य कुन निबन्धबाट उद्धृत गरिएको हो ? यस भनाइको तात्पर्य के हो ?

(च) "नेपाली भाषा कुनै निश्चित जातको पेवा-भाषा होइन– नयाँ बाहुन छेत्रीको पेवा-भाषा हो, न गुरुङ-मगरको।" –प्रस्तुत कथन कसले कुन प्रसङ्गमा र किन भनेको हो? 'पेवा-भाषा' को तात्पर्य के हो ?

(छ) देवकोटाले आफ्ना निबन्धहरूमा पोथी गुण पाइन्छ भनेर के भनेका हुन् अनि किन ?

(ज) 'जय भुँडी' निबन्धको मूल आशय के हो ? निबन्धकारले भुँडीलाई कति प्रकारमा बाँडेका छन् ?

(झ) 'दिव्योपदेश' का निबन्धात्मक विशेषता के के हुन् ?

(ञ) 'परम्परागत मूल्यहरूको ह्रासप्रति सचेत लामिछाने यस युगका सफल निबन्धकार हुन्'– [illegible]

पाँचदेखि सात वाक्यमा हुनु वाञ्छनीय छ । ५×२=१०

(क) "कविलाई म सौन्दर्यको पुजारी ठान्छु, नैतिकताको छहरा ठान्छु, आदर्शताको दर्पण ठान्छु ।" - यो कथन कुन समालोचकको हो ? यसको तात्पर्य के हो ?

(ख) "योग्यताको आदर गर्नू भनेको दोष पट्टी आँखा चिम्ली दिनू भनेको हैन ।" - यो कुन प्रसङ्गमा कसले भनेका हुन् ? 'दोष पट्टी आँखा चिम्ली दिनू भनेको हैन'-को तात्पर्य के हो ?

(ग) "प्रत्येक समालोचना एउटा निर्णय हो"–प्रस्तुत मतसंग तपाईं सहमत हुनुहुन्छ? किन?

(घ) "गहन अध्ययन र वशीभूत कल्पना बालकृष्णको फरूवा वेल्चा हो ; मीनाक्ष दृष्टि र चूडान्त कल्पना लक्ष्मीप्रसादको हँसिया डोरी हो ।"– प्रस्तुत कथन कसको हो ? यस कथनसंग तपाईं सहमत हुनुहुन्छ ? किन ?

(ङ) "नैवेद्य" समालोचनालाई किन पहिलो विशुद्ध समालोचना मानिएको छ ?

(च) 'फूलमा भमरा कि वारूलो'–शीर्षक लेखमा 'भमरा' र 'वारूलो' को तात्पर्य के हो ?

(छ) ईश्वर बराललाई अनुसन्धानमुखी समालोचक भन्न सकिन्छ? किन ?

(ज) गुमानसिंह चामलिङ्लाई समालोचना विधातर्फ प्रवृत्त गराउने प्रेरक तत्त्व के हुन् ? नेपाली समालोचनामा उनको के-कस्तो स्थान छ ?

(झ) 'नेपाली जीवनमा रामायण' शीर्षक लेखको मूल सन्देश के हो ?

(ञ) "आलोचनाको निम्ति मौलिक रूपमा पोषक वातावरण समाजको बौद्धिकता हो ।"– हो ? किन ?

२००७

नेपाली

नयाँ पाठ्यक्रम्

आठौं पत्र

(तुलनात्मक भारतीय साहित्य र

विश्वसाहित्यको सर्वेक्षण)

प्रथमार्द्ध

(तुलनात्मक भारतीय साहित्य)

समयः दुई घण्टा पूर्णाङ्क : ५०

१. तुलनात्मक साहित्यको परिचय दिँदै यसको अध्ययनमा पाश्चात्य विद्वान्हरूले गरेका योगदानको समीक्षा गर्नुहोस् । २०

अथवा

तुलनात्मक भारतीय साहित्यको अवधारणा प्रस्ट पार्दै यसको वैशिष्ट्यमाथि प्रकाश पार्नुहोस् ।

२. कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् :- २×१०=२०

(क) विश्वसाहित्य र तुलनात्मक साहित्य ।

(ख) तुलनात्मक साहित्यको अध्ययन पद्धति ।

(ग) भारतेन्दु र मोतीरामका साहित्यिक योगदानको तुलना ।

(घ) शिवकुमार राई र प्रेमचन्दका कथा-प्रवृत्तिको तुलना ।





२००७

नेपाली

(नयाँ पाठ्यक्रम)

आठौं पत्र

(तुलनात्मक भारतीय साहित्य र

विश्वसाहित्यको सर्वेक्षण)

द्वितीयार्द्ध

(विश्वसाहित्यको सर्वेक्षण)

समयः दुई घण्टा पूर्णाङ्क : ५०

१. शुद्रकको नाट्य-साधनाको चर्चा गर्दै संस्कृत-नाट्य साहित्यमा तिनको योगदानको मूल्याङ्कन गर्नुहोस् । २०

अथवा

रवीन्द्रनाथको साहित्यिक परिचय दिँदै बङ्ला साहित्यमा तिनले दिएका योगदानको मूल्याङ्कन गर्नुहोस् ।

२. कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् :- २×१०=२०

(क) शरत्चन्द्रको औपन्यासिक उपलब्धि ।

(ख) सुब्रह्मण्य भारतीको साहित्यिक प्रसिद्धि ।

(ग) चेखव ।

(घ) स्वच्छन्दतावादी कविका रूपमा वर्डस्वर्थ र कीट्स ।

१. कुनै पाँचवटाको टिप्पणी लेख्नुहोस् । प्रत्येक टिप्पणी पाँचदेखि सात ाक्य भित्र अपेक्षित छ । ५×२=१०

(क) नाटककार ब्रेख्ट ।

(ख) टल्सटयको 'युद्ध र शान्ति' ।

(ग) कालिदासको 'मेघदूत' ।

(घ) 'आनन्दमठ'-को ऐतिहासिक महत्व ।

(ङ) नाटककार भास ।

(च) 'लिभ्स अफ ग्रास' ।

(छ) 'वेटिङ फर गोडोट ।'

(ज) गोर्कीको 'आमा'–उपन्यास ।

(झ) भर्तृहरि ।

(ञ) अमिर खुसरो ।

—

३. कुनै पाँचवटा विषयमा टिप्पणी लेख्नुहोस्.। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्य भित्र हुनु वाञ्छनीय । ५×२=१०

(क) अनुवाद र तुलना ।

(ख) तुलनात्मक साहित्य बारे रेने वेलेक ।

(ग) डा० इन्द्रनाथ चौधुरी ।

(घ) भानुभक्त र तुलसीदासको रामायण ।

(ङ) वेल्ट लिटेराटुर ।

(च) हिन्दी र नेपाली भक्तिकाव्य-धारा ।

(छ) फ्राँस्वा जस्त ।

(ज) तुलनात्मक साहित्यको प्रयोजन ।

(झ) मैथ्यू आर्नल्डको 'कम्पेरेटिभ लिटरेचर' ।

(ञ) हेनरी एच० रेमाक ।

—

२००७

नेपाली

(नयाँ पाठ्यक्रम)

दशौं पत्र

(लोकसाहित्य-शास्त्र र नेपाली लोक-साहित्य एवं लोकसंस्कृति)

प्रथमार्द्ध

(लोकसाहित्य-शास्त्र)

समयः दुई घण्टा पूर्णाङ्क : ५०

१. लोकसाहित्य र लोकसंस्कृतिका पारस्परिक सम्बन्धको विशद व्याख्या गर्नुहोस् । २०

अथवा

"जुन जुन प्रेरक कारणले लोकसाहित्यको सृजना भएको छ, तिनै तिनै आधारमा यसको व्याख्या पनि गर्न सकिन्छ ।" ... यस भनाइ को आधार गरी मार्क्सवादी एवम् मनोविज्ञानवादी मान्यता यस क्षेत्रमा कत्ति उपयोगी छन्, स्पष्ट गर्नुहोस् ।

२. कुनै दुईबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् । २×१०=२०

(क) 'अतोऽस्मि लोके वेदे च....।'

(ख) लोकवार्त्ता र फ्र्याङ्कफर्ट सम्प्रदाय ।

(ग) लोकवार्ताको प्रकार्यपरक अध्ययन ।

(घ) लोककथा अध्ययनका सौर्य र प्रसार सिद्धान्त एवम् पद्धति ।





२००७

नेपाली

(नयाँ पाठ्यक्रम)

दशौं पत्र

(लोकसाहित्य-शास्त्र र नेपाली लोक-साहित्य एवं लोकसंस्कृति)

द्वितीयार्द्ध

(नेपाली लोकसाहित्य एवं लोकसंस्कृति)

समयः दुई घण्टा पूर्णाङ्क : ५०

१. नेपाली लोककथाको वर्गीकरण गर्दै तिनका भिन्न भिन्न स्वरूप संरचना ठम्याएर स्पष्ट पार्नुहोस् । २०

अथवा

उरवान र टुक्कामाझ के भिन्नता छ ? नेपाली लोकसाहित्यका प्रकीर्ण भेदका रूपमा उरवान र टुक्काको रूपतात्त्विक विश्लेषण प्रस्तुत गर्नुहोस् ।

२. कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस्:- २×१०=२०

(क) दार्जिलिङ र यहाँको रेल सम्बन्धी लोकगीतहरू ।

(ख) 'सैलुङे लेक'का उझ्नु गीत ।

(ग) गाइने गीत ।

(घ) जुवारी गीत ।

३. तलका कुनै पांचवटा विषयवारे टिप्पणी लेख्नुहोस् । प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र लेखिएको हुनु अपेक्षित छ । ५×२=१०

(क) अड्को ।

(ख) नचरी ।

(ग) विक्रमकथा ।

(घ) सुधम ।

(ङ) भारत ।

(च) असारे ।

(छ) समला ।

(ज) माँग्ल ।

(झ) जुहरी ।

(ञ) ख्याली ।

—

३. तलका कुनै पाँचवटा विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस् । प्रत्येक टिप्पणी पांचदेखि सात वाक्यभित्र अपेक्षित छन् । ५×२=१०

(क) क्षेत्रकर्मी ।

(ख) डेल हाइम्स ।

(ग) हार्वर्ड सम्प्रदाय ।

(घ) संस्कार-गीत ।

(ङ) लोकगीतका संरचनात्मक घटक ।

(च) सौर्य-सिद्धान्त ।

(छ) जेम्स जर्ज फ्राजर ।

(ज) लोकसाहित्य-अध्ययनमा परम्परा-सङ्कलन पत्र ।

(झ) लोक-चिकित्सा .

(ञ) 'मिथेम' ।

—

(ज) "भाइ है फुटे, गवाँरले लुटे

ऐक्यमा टुटे, दुश्मन छुटे

चिरिए आफू अरू नै जुटे

नाशका सेनाले । -

–प्रस्तुत कविता पङक्ति कुन कृतिबाट लिइएका हुन् ? यस भनाइको तात्पर्य के हो ?

(झ) कवित्वको गुणस्तरका दृष्टिले "सुलोचना" महाकाव्य कस्तो महाकाव्य ठहर्छ? किन ?

(ञ) महाकवि देवकोटाले मृत्युशय्यामा रचना गरेको अन्तिम कविता कुन हो ? त्यस कविताका शुरूका चार पङक्ति लेख्नुहोस् ।

--





२००७

नेपाली

(नयाँ पाठ्यक्रम)

एघारौं पत्र

(विशेष अध्ययन)

(महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यकृतिहरू)

द्वितीयार्द्ध

(महाकवि देवकोटाका खण्डकाव्य र फुटकर कविताहरू)

समयः दुई घण्टा पूर्णाङ्क : ५०

१. संरचना, वस्तुविन्यास र छन्द-लय विधानका दृष्टिले "कुञ्जिनी" खण्डकाव्यको विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस् । २०

अथवा

"भिखारी" कविता सङ्ग्रहका कविताहरूमा पाइने मानवतावादीस्वरको समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

२. कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : २×१०=२०

(क) "मुनामदन" खण्डकाव्यको कारुणिक पक्ष ।

(ख) "लूनी" को छन्द-लय विधान ।

(ग) "म्हेन्दु"-की म्हेन्दु ।

(घ) "हूरीको गीत" कवितामा अभिव्यञ्जित क्रान्तिकारी-प्रगतिवादी स्वर ।

३. कुनै पाँच प्रश्नको उत्तरलेख्नुहोस् । प्रत्येक प्रश्नको उत्तर पांचदेखि सात वाक्यभित्र हुनु वाञ्छनीय छः ५×२=१०

(क) महाकवि लक्ष्मीप्रसाद देवकोटालाई 'कल्पनाका कुवेर' भन्न सकिन्छ ? किन ?

(ख) "सुलोचना" महाकाव्य महाकवि देवकोटाको 'दानप्रतिष्ठा हो' र 'मानप्रतिष्ठा पनि हो' भनेर के भनेको हो र किन त्यसो भनेको हो ?

(ग) "हाम्रा दौलत भन्नु वीरहरू हुन्, किल्ला यिनैका कथा।
हाम्रो जीवनमा "प्रताप" विजुली लाग्दोछ त्यो सर्वदा ॥"

–'दौलत' भनेको के हो ? महाकवि देवकोटाले हाम्रा दौलत भन्नु वीरहरू हुन्' भनेर के भनेका हुन् र किन भनेका हुन् ?

(घ) महाकाव्यमा मङ्गलाचरण भन्नाले के बुझिन्छ ? पूर्वीय काव्यशास्त्र अनुसार मङ्गलाचरण कति किसिमका हुन्छन् र ती के के हुन् ?

(ङ) "वनकुसुम" महाकाव्यको नामकरणमा औचित्यको निर्वाह कतिसम्म हुनसकेको छ र नामकरण कतिसम्म सार्थक छ ? कसरी ?

(च) पताका र प्रकरी कथावस्तुका कस्ता भेद हुन् ?

(छ) "सुमनका मनका रस सारका ।
अधरका कलिला धरका थिए ॥"

–प्रस्तुत कविता पङक्ति कुन कृतिबाट लिइएका हुन् ? रेखाङ्कित पदमा कुन अलङ्कार पर्न गएको छ? कसरी ?

२००७

नेपाली

("नयाँ पाठ्यक्रम)

एघारौं पत्र

(विशेष अध्ययन)

(महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यकृतिहरू)

द्वितीयार्द्ध

(महाकवि देवकोटाका खण्डकाव्य र फुटकर कविताहरू)

समयः दुई घण्टा

पूर्णाङ्क : ५०

१. संरचना, वस्तुविन्यास र छन्द-लय विधानका दृष्टिले "कुञ्जिनी" खण्डकाव्यको विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस् । २०

अथवा

"भिखारी" कविता सङ्ग्रहका कविताहरूमा पाइने मानवतावादीस्वरको समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

२. कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : २×१०=२०

(क) "मुनामंदन" खण्डकाव्यको कारूणिक पक्ष ।

(ख) "लूनी" को छन्द-लय विधान ।

(ग) "म्हेन्दु"-की म्हेन्दु ।

(घ) "हूरीको गीत" कवितामा अभिव्यञ्जित क्रान्तिकारी-प्रगतिवादी स्वर ।

३. कुनै पाँच प्रश्नका उत्तर लेख्नुहोस् । प्रत्यक प्रश्नका उत्तर पाँच देखि सात वाक्यभित्र हुनु वाञ्छनीय छः ५×२=१०

(क) "शुक्रतारा ! सुन्दर हाम्रा ! नेपाली हे प्रथम ध्वनि ।"

–प्रस्तुत कविता पङक्ति कुन कविताबाट लिइएको-हो ? यहाँ कसलाई 'शुक्रतारा ! सुन्दर हाम्रा !" भनिएको हो र किन त्यसो भनिएको हो ?

(ख) "मायाविनीसर्सी" खण्डकाव्यका माध्यमबाट महाकवि देवकोटाले के सन्देश दिएका छन् ?

(ग) "रातमा सुर्जे, बिदामा हाँसो कसरी मिलाऊँ ?
जानु नै भए मछाडी जानोस् साथमा सुहाऊँ ॥"

–प्रस्तुत भनाइ कसले, कोसंग, कुन प्रसङ्गमा भनेको हो ? यी कविता पङक्तिमा कुन अलङ्कार परेको छ ? कसरी ?

(घ) "सृजामाता" खण्डकाव्यको नामकरणमा औचित्यको निर्वाह हुन सकेको छ भन्ने ठान्नु हुन्छ? किन ?

(ङ) "तिमी पाँच इन्द्रियले काम गर्छौ म छैटौंले ।

–प्रस्तुत कविता पङक्ति कुन कविताबाट लिइएका हुन् ? पाँच इन्द्रियहरू के हुन् र छैटौं चाहिं के हो? यस भनाइको तात्पर्य के हो ?

(च) "कुञ्जिनी" खण्डकाव्यका ठालुसिंह र लखन लेप्टेनलाई स्त् पात्र भन्न सकिन्छ ? किन ?

(छ) खण्डकाव्य र महाकाव्यमा के अन्तर छ ?

(ज) महाकवि लक्ष्मीप्रसाद देवकोटालाई रोमाण्टिक प्रगतिवादी कवि भन्न सकिन्छ ? किन ?

(झ) "[illegible]" खण्डकाव्य कुन रस प्रधान खण्डकाव्य ठहर्छ ? कसरी ?

(ञ) 'मुनामदन"-का पात्र-पात्राहरूमध्ये तपाईलाई सबै भन्दा मन पर्ने पात्र वा पात्रा को हो ? सो पात्र वा पात्रा तपाईलाई मनपर्नाका कारणहरू के हुन् ?

—

२००८

नेपाली

('संशोधित' एवम् 'संशोधित नयाँ प्रणाली')

छैटौँ पत्र

( साहित्य तत्त्व, साहित्य-सिद्धान्त र समालोचना पद्धति )

प्रथमार्द्ध

( साहित्य तत्त्व र पूर्वीय साहित्य सिद्धान्त )

समय : दुई घण्टा | पूर्णाङ्क : ५०

१। शब्द-शक्तिको अवधारणामा स्फोटवाद र पुञ्जवादको भूमिका स्पष्ट पार्दै व्यञ्जना शब्द-शक्तिका भेदोपभेदहरूको सोदाहरण व्याख्या गर्नुहोस्। २०

अथवा

वक्रोक्तिको अर्थ स्पष्ट पार्नुहोस् अनि वक्रोक्ति सम्बन्धी चिन्तनको ऐतिहासिक विकासक्रमको अध्ययन प्रस्तुत गर्दै वक्रोक्तिका भेद-उपभेदको परिचय दिनुहोस्।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस्। २×१०=२०

क) काव्यभाषा र अलङ्कार।

ख) रसानुभूति प्रक्रिया।

ग) काव्यमा रीतिको स्थान र मूल्य।

घ) ध्वनिविरोधी मत।

[ P.T.O



२००८

नेपाली

('संशोधित' एवम् 'संशोधित नयाँ प्रणाली')

छैटौँ पत्र

( साहित्य तत्त्व, साहित्य-सिद्धान्त र समालोचना पद्धति )

द्वितीयार्द्ध

( पाश्चात्य साहित्य सिद्धान्त र समालोचना पद्धति )

समय : दुई घण्टा | पूर्णाङ्क : ५०

१। आई. ए. रिचर्ड्सका प्रमुख सिद्धान्तहरु चिनाउँदै उनका समालोचना सिद्धान्तमा फ्रायड, म्याक्स इस्टम्यान र सन्तान्पनाका विचारहरु को के-कति प्रभाव झल्किन्छ, स्पष्ट पार्नुहोस्। २०

अथवा

यभोर विन्टर्स र एलिसियो विभासले टि.एस. इलियटका समालोचना सिद्धान्तबारे प्रकट गरेका मतहरुको परिचय दिदैं पाश्चात्य आधुनिक समालोचनाको परम्परामा इलियट को स्थान र महत्व दर्शाउनु होस्।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस्। १०×२=२०

क) साहित्य अध्ययनरो मनोविश्लेषणवादी पद्धति।

ख) टि. एस. इलियट र फ्रान्सेली प्रतीकवादी समालोचना।

ग) अमेरिकेली नव आलोचना।

घ) समाजशास्त्रीय समालोचना।

[ P.T.O

३। कुनै पाँचवटा का विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभिन्न को लेख्नुपर्छ। ५×२=१०

क) विरेचनका विविध अर्थ।

ख) त्रासदीको नायक।

ग) अभिज्ञान।

घ) प्रतिभा।

ङ) क्लिन्थ ब्रुक्स।

च) 'आत्मदर्शन'।

छ) 'कला' को अर्थ।

ज) सेन्ट ब्युभ।

झ) हिप्पोलिट एडोल्फ टेन।

ञ) विक्टोर स्क्लोब्स्की।





३। कुनै पाँचवटा विषयमा परिचयात्मक टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभिन्न को लेख्नुपर्छ। ५×२=१०

क) अलङ्कार्य।

ख) बिम्ब।

ग) काव्य हेतु।

घ) अनुमितिवाद।

ङ) प्रसाद गुण।

च) आहार्य अनुभाव।

छ) मार्ग।

ज) रसध्वनि।

झ) श्लेष।

ञ) 'काव्यमीमांसा'।

२००८

नेपाली

('संशोधित' एवम् 'संशोधित नयाँ प्रणाली')

सातौँ पत्र

( नेपाली गद्य साहित्य )

प्रथमार्द्ध

( नेपाली निबन्ध )

समय : दुई घण्टा | पूर्णाङ्क : ५०

१। नेपाली निबन्धको विकासक्रममान्यि प्रकाश पार्दै 'दाडिमको रुखनेर'-मा सङ्कलित 'फर्सीको झोल' र 'साँढे' निबन्धको समीक्षा गर्नुहोस्। २०

अथवा

शङ्कर लामिछानेको निबन्धकारिताबारे चर्चा गर्दै उनको 'एब्स्ट्रूलाक्ट चिन्तन प्याज' सङ्ग्रहका आधारमा नेपाली निबन्धको विकासमा उनले पुजाएको योगदानको मूल्याङ्कन गर्नुहोस्।

२। निम्नलिखित कुनै दुई विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस्।

क) निबन्धकार भैरवअर्याल। १०×२=२०

ख) निबन्धको विद्यागत स्वरूप।

ग) 'तस्वीर' निबन्धको लेखन शैली।

घ) नेपाली निबन्धमा हास्य-व्यङ्ग्य।

[ P.T.O



२००८

नेपाली

('संशोधित' एवम् 'संशोधित नयाँ प्रणाली')

सातौँ पत्र

( नेपाली गद्य साहित्य )

द्वितीयार्द्ध

( नेपाली समालोचना )

समय : दुई घण्टा | पूर्णाङ्क : ५०

१। नेपाली साहित्यका प्रमुख समालोचकहरूको परिचय दिँदै रामकृष्ण शर्मा र यदुनाथ खनालको स्थान निर्धारण गर्नुहोस्। २०

अथवा

नेपाली समालोचनाको परम्परामा इन्द्रबहादुर राईको स्थान निर्धारण गर्दै उनको 'टिपेका टिप्पणी' को विश्लेषण र मूल्याङ्कन गर्नुहोस्।

२। निम्नलिखित कुनै दुई विषयबारे समीक्षात्मक टिप्पणी गर्नुहोस्।

क) 'सप्तशारदीय' : समालोचनात्मक कृति। १०×२=२०

ख) समालोचक राजनारायण प्रधाना।

ग) वासुदेव त्रिपाठीको समालोचनात्मक दृष्टिकोण।

घ) ''नैवेद्य: समालोचना' को महत्त्व।

३। निम्नलिखित कुनै पाँचवटा प्रश्नका उत्तर लेख्नुहोस्। प्रत्येक उत्तर पाँचदेखि सात वाक्यमा लेखिनु पर्दछ। ५×२=१०

क) ''बौद्धिकताले साहित्यिक आलोचना लेख्न प्रेरणा दिन्छ।''— यो कथन कतिसम्म सत्य छ? 'साहित्यिक आलोचना' मनेको के हो?

[ P.T.O

ख) "३० उँमोका पाठकहरूले भ्रमर दिकू मान्द्रै पढ्छन्, ५० नाघेकाहरूले पढ्दै पढ्दैनन्।"— यो कथन के को प्रसङ्गमा उठेको हो? भ्रमर पढ्दा दिक्क मान्नेकारण केछ?

ग) "धन (पैसा) माथि आधारित सामाजिक अर्थतन्त्र ट्रयाजेडीमा साहित्यकला स्वरूप प्रतिफलित हुन्छा।"— यो कथन कसको हो? 'सामाजिक अर्थतन्त्र' मनेको के हो?

घ) "जाति कविता नेपाली भाषामा अङ्ग्रेजी बाजहरूद्वारा लेखिएका छन् ती सबैमा अङ्ग्रेजी साहित्यको अतुल प्रभाव परेको देखिन्छा"— यो वाक्यांश कुन समालोचनाबाट उद्धृत गरिएको हो? 'अङ्ग्रेजीबाजहरू' भनेर कसलाई सङ्केत गरिएको हो?

ङ) "साझा समालोचनाले नेपाली समालोचनाको विकासका के-कस्ता चाणटार देखाएको छ? यसका सम्पादक को हुन्?

च) 'दझ गोर्खा' मा कतिवटा समालोचनात्मक लेखहरूछन्? तिनीहरू के के हुन्? को शीर्षक कतिसम्म सार्थक छ? कसरी?

छ) 'गिरीका कवितामा जातीय भावना' लाई प्रगतिवादी समालोचना भन्न सकिन्छ? किन?

ज) 'नेपाली कविता को प्रारम्भ भानुभक्तबाट भयो।' यस कथन-सँग तपाई कति सहमत हुनुहुन्छ? किन?

[2]

३। निम्नलिखित कुनै पाँच प्रश्न को उत्तर लेख्नुहोस्। प्रत्येक उत्तर पाँचदेखि सात वाक्यमा लेखिनुपर्छ। ५×२=१०

क) "यस नरकबाट मलाई को ही उद्धार गरिदेओस् म व्यसको आजन्म ऋणी बन्नेछु, यश गाउनेहु व्यसको सेवामा आत्मसमर्पण गर्नेहु।" — प्रस्तुत वाक्यांश कुन निबन्धमा, कुन प्रसङ्गमा भनिएको हो? 'नरक' भनेर लेखकले केलाई इङ्गित गरेका हुन्?

ख) "मेरा बाले भूल गर्नु भयो, अक्षम्य भूल!" यहाँ कसले के भूल गरेको थियो? त्यो भूल किन अक्षम्य थियो?

ग) "अनि मेरो मुखबाट एक्कासि निस्कन्छ 'धतेरीका'।" यहाँ लेखकले किन 'धत्तेरीका' मनेका हुन्? — प्रस्तुत वाक्यांश कुन निबन्धको हो?

घ) "यस सङ्कलनमा परेका रचनाहरुको सृजनकाल मेरो जीवनको सारै नै अव्यवस्थित काल थियो।"— 'यस सङ्कलनमा' भनेर यहाँ कुन सङ्कलनको कुरा झिकिएको छ? तयो काल किन 'अव्यवस्थित' थियो?

ङ) "यो टेबिल गफमात्र हो ; शास्त्र होइन।" 'टेबिल गफ' थनेर के भनिएको हो? गफर र शास्त्रमा के भिन्नत छ?

च) "नेपाली साहित्यको भविष्य जे जस्तो भए पनि होस्, मेरो भविष्य चाहिँ उज्जवल छ।"— यो कुन पाठको अंश हो? 'मेरो भविष्य' भनेर यहाँ कसको भविष्यको कुरा गरेको हो?

छ) निबन्धको व्युत्पत्तिगत अर्थ के हो? यस व्युत्पत्तिगत अर्थले निबन्धको विधागत स्वरूप चिनाउन सम्छ? कसरी?

ज) 'प्यारिसकी पोक्वी' निबन्धको रोचक आकर्षण के हो? कसलाई प्यारिसकी पोक्वी भनिएको हो?

झ) रामलाल अधिकारी कस्ता निबन्धकार हुन्? उनको 'पढेको मूर्ख' निबन्धको सन्देश के हो?

२००८

नेपाली

('संशोधित' एवम् 'संशोधित नयाँ प्रणाली')

आठौँ पत्र

( तुलनात्मक भारतीय साहित्य र विश्वसाहित्यको स्वरूप )

प्रथमार्द्ध

( तुलनात्मक भारतीय साहित्य )

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। तुलनात्मक साहित्य अध्ययन— परम्पराको चर्चा गर्दै यसका पक्षमा सक्रिय सम्प्रदाय वा स्कूलहरूका उद्देश्य एवम् भूमिकाको मूल्याङ्कन गर्नुहोस्। २०

अथवा

'तुलनात्मक भारतीय साहित्य'-को अवधारणा दर्शाउँदै हिन्दी र नेपाली साहित्य को काल-विभाजनमा पाईने तुलनीय पक्षहरूको विवेचना गर्नुहोस्।

२। कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस्। २×१०=२०

क) तुलनात्मक साहित्यमा प्रभावपरक पद्धति।

ख) नेपाली साहित्यमा तुलनात्मक अध्ययन।

ग) हिन्दी र नेपाली भक्तिकाव्य-धारा।

घ) 'भानुभक्तीय रामायण र तुलसीदासीय रामचरितमानस।'

[ P.T.O



२००८

नेपाली

('संशोधित' एवम् 'संशोधित नयाँ प्रणाली')

आठौँ पत्र

( तुलनात्मक भारतीय साहित्य र विश्वसाहित्यको सर्वेक्षण )

द्वितीयार्द्ध

( विश्वसाहित्यको सर्वेक्षण )

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। शेक्सपियर को नाट्य-साधनाको चर्चा गर्दै विश्व-नाट्यसाहित्यमा तिनका योगदानको सविस्तार मूल्याङ्कन गर्नुहोस्। २०

अथवा

मोपासाँ र चेखवका कथाकारिताका विशेषताहरू उल्लेख गर्दै विश्व-लघुकथा-साहित्यमा दुबैका दूरगामी प्रभावहरू चिन्हित गर्नुहोस्।

२। कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस्। १०×२=२०

क) इब्सेनका नाट्यगत विशेषता।

ख) वर्डस्वर्थका काव्यगत उपलब्धि।

ग) उपन्यासकार दस्तोएव्स्की।

घ) प्रेमचन्दको कथा-शिल्प।

३। कुनै पाँचवटाबारे टिप्पनी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभिन्न हुनु वाञ्छनीय छ। ५×२=१०

[ P.T.O

क) 'पोएट अफ् दि पोएट्स।'

ख) 'पोएट अफ् दि पिपल।'

ग) 'पोएट लरेट।'

घ) 'बाइबल अफ डेमोक्रेसी'।

ङ) 'भर्तृहरि शतक'।

च) होमर।

छ) 'भारती पदकलम।'

ज) 'प्रेम प्रसून' र 'प्रेम सरोवर।'

झ) 'मदर'-नाटकका लेखक।

ञ) बङ्किमचन्द्र चटर्जी।



३। कुनै पाँचवटा विषयमा टिप्पनी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभिन्न हुनु वाञ्छनीय छ। ५×२=१०

क) अमीय देव।

ख) तुलनात्मक साहित्यको उद्देश्य।

ग) सुसन ब्यास्नेटको 'कम्पेरेटिभ लिटरेचर'।

घ) प्रो० म्याक्समूलर।

ङ) आर्थर रिचमण्ड मार्श।

च) रेने वेलेक।

छ) रामकृष्ण शर्माका समालोचनामा तुलनात्मक दृष्टि।

ज) नवनीता देवसेन।

झ) तुलनात्मक साहित्य अध्ययनको अमेरिकी स्कूल।

ञ) बाबुराम आचार्य को 'तुलनात्मक सुन्दरकाण्ड'।

PG-II/DE/08 (New)

२००८

नेपाली

नवौँ / दसौँ पत्र

बिशेष अध्ययन

[ संशोधित प्रणाली अनुसार यो दसौँ पत्र हो अनि संशोधित नयाँ प्रणाली अनुसार यो नवौँ पत्र हो। ]

( लोक साहित्यशास्त्र र नेपालीसाहित्य एवम् लोकसंस्कृति )

प्रथमार्द्ध

( लोक साहित्यशास्त्र )

समय : दुई घण्टा | पूर्णाङ्क : ५०

१। लोक साहित्य अध्ययनका प्रमुख पद्धतिहरु चिनाउँदै कुन पद्धति तपाईँलाई धेर सार्थक लाग्छ, त्यसबारे सकारण चर्चा गर्नुहोस्। २०

अथवा

लोकसाहित्य वर्गीकरणका प्रमुख आधारहरुको चर्चा गर्दै लोक कथाका मिथकीय स्वरूपबारे टिप्पणी लेखनुहोस्।

२। कुनै दुई विषय लिई समीक्षात्मक टिप्पणी लेख्नुहोस्। १०+१०=२०

अ) लोकसाहित्यको रूपतत्त्ववादी अध्ययन।

आ) अभिप्राय अनुक्रमणिका (मोटिफ इन्डेक्स)

इ) आध्यरूप को अवधारणा।

ई) लोकतत्त्वको सेरोफेरो।

[ P.T.O

PG-II/DE/08 (New)

२००८

नेपाली

नवौँ / दसौँ पत्र

बिशेष अध्ययन

[ संशोधित प्रणाली अनुसार यो दसौँ पत्र हो अनि संशोधित नयाँ प्रणाली अनुसार यो नवौँ पत्र हो। ]

( लोक साहित्यशास्त्र र नेपालीसाहित्य एवम् लोकसंस्कृति )

द्वितीयार्द्ध

( नेपाली लोक-साहित्य र लोक संस्कृति )

समय : दुई घण्टा | पूर्णाङ्क : ५०

१। नेपाली लोक कथाको वर्गीकरण गरी उदाहरण पनि दिनुहोस्। २०

अथवा

नेपाली लोक संस्कृतिको स्वरूप चिनाउँदै पर्व-उत्सवमा गाइने नेपाली लोकगीतबारे चर्चा गर्नुहोस्।

२। कुनै दुईबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस्। १०+१०=२०

क) नेपाली उरवानको समाजभाषिक अध्ययन।

ख) दार्जीलिङे लहरी साहित्य।

ग) नेपाली लोकनाट्य परम्परा।

इ) सँगिनी र मारूनीको तुलना।

[ P.T.O

३। कुनै पाँचवटा वारे संक्षिप्त टिप्पनी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभिन्न लेखिनु आवश्यक छ। ५×२=१०

अ) सवाई छन्द।

आ) झ्याउरे लय।

इ) तुक्का र उरवानको भिन्नता।

ई) हाक्पारे गीत।

उ) मुन्धुम।

ऊ) असारे।

ऋ) रत्यौली गीत।

ए) लोक भाषा।

ऐ) चुड्‌के गीत।



३। कुनै पाँच विषय लिई संक्षिप्त टिप्पनी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभिन्न लेखिनुपर्छ। ५×२=१०

क) 'अदोडस्मि लोके वेदे च।'

ख) 'स्टिथ थम्पसन।

ग) लोक वार्ता।

घ) सन्दर्भवादी पद्धति।

ङ) सौर्यसिद्धान्त।

च) लोक उरवान-विधि-वर्जनाको स्त्रोत।

छ) भाषिककलाका रूपमा लोकसाहित्य।

ज) संरचनावादी अध्ययन।

झ) मिथ र मिथेम।

२००८

नेपाली

दसौँ / एघारौँ पत्र

विशेष अध्ययन

(संशोधित प्रणाली अनुसार यो एघारौँ पत्र हो अनि संशोधित नयाँ प्रणाली अनुसार यो दसौँ पत्र हो।)

( महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यकृतिहरू )

प्रथमार्द्ध

( महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्य )

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। नेपाली महाकाव्यको परम्परामा ''शाकुन्तल'' महाकाव्यको ऐतिहासिक भूमिका स्पष्ट पार्दै पूर्वीय महाकाव्यका सिद्धान्तका आधारमा ''शाकुन्तल''— को समालोचनात्मक मूल्याङ्कन गर्नुहोस्। २०

अथवा

'' 'वनकुसुम'-को रचना महाकवि देवकोटाले एउटा नयाँ संसारको निर्माणको चाहनाको फलस्वरूप गरेका थिए''— सोदाहरण विवेचना गर्नुहोस्।

२। कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस्। २×१०=२०

क) ''पृथ्वीराज चौहान'' महाकाव्यका दुर्बल पक्षहरू।

ख) ''सुलोचना''-का विलास सिंह।

ग) ''प्रमिथस''-का प्रमिथस्।

इ) ''महाराणा प्रताप''— को मङ्गलाचरण।

[ P.T.O

३। कुनै पाँच प्रश्नहरुको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नोत्तर पाँचदेखि सात वाक्यभिन्न हुनु आवश्यक छ : ५×२=१०

क) ''सुलोचना'' महाकाव्यको 'भूमिका'-मा महाकवि देवकोटाले म यहाँ कवितात्मक नाटककार बनेको हुँला अथवा पद्यात्मक उपन्यासकार''— भनेर के भनेका हुन्?

ख) ''शाकुन्तल'' महाकाव्यको मङ्गलाचरण आशीर्वादात्मक छ कि वस्तु निर्देशात्मक अथवा नमस्कारात्मक छ? कसरी?

ग) ''वीर रसका दृष्टिले ''महाराणा प्रताप'' महाकाव्य नेपाली साहित्यको नै अमुल्यनिधि हो।''— हो? किन?

घ) ''सासै फेर्नुछ वर्तमान, नमिले यो भुतको आख्यता'' — प्रस्तुत कविता पङ्क्ति कुन काव्यबाट उद्धृत गरिएको हो? यस भनाइको तात्पर्य के हो?

ङ) ''प्रमिथस'' महाकाव्यका प्रमिथस स्वयम् महाकवि लक्ष्मी प्रसाद देवकोटा हुन् भन्न सकिन्छ? किन?

च) महाकवि लक्ष्मी प्रसाद देवकोटालाई 'अभागी जिनियस' भनेर के भनेको हो र किन त्यसो भनेको हो?

छ) 'बप्पा रावलको पवित्र पदुले मै ले प्रतिज्ञा गरें।
हामी देश नबेचुँला, नदिउँला ती म्लेच्छलाई भरे।।''
— प्रस्तुत कविता पङ्क्ति कुन कृतिबाट लिइएका हुन्? यी कविता पङ्क्ति कसले, कोसँग, कुन सन्दर्भमा भनेका हुन्?

ज) कवित्वको गुणस्तरका दृष्टिले ''सुलोचना'' महाकाव्यलाई 'उच्च स्तरीय' महाकाव्य' नभनेर 'उच्च-मध्यम स्तरीय महाकाव्य' किन भनिएको हो?

झ) महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्य-कृतिलाई 'द्रोणाचल' पर्वत भन्न सकिन्छ? किन?

२००८

नेपाली

दसौँ / एघारौँ पत्र

विशेष अध्ययन

(संशोधित प्रणाली अनुसार यो एघारौँ पत्र हो अनि संशोधित नयाँ प्रणाली अनुसार यो दसौँ पत्र हो।)

( महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्यकृतिहरू )

द्वितीयार्द्ध

( महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्य र फुटकर कविताहरू )

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। खण्डकाव्य को स्वरूपका आधारमा "सृजामाता"-को समालोचनात्मक मूल्याङ्कन गर्नुहोस्। २०

अथवा

" 'झञ्झवर्णन'-मा महाकवि देवकोटाको रोमाण्टिक-प्रकृतिकेन्द्री रौद्र सौन्दर्य चेद प्रकट हुन सकेको पाइन्छ" — सोदाहरण विवेचना गर्नुहोस्।

२। कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस्। २×१०=२०

क) "इन्द्रैणी"-कालीन देवकोटाका कविताहरु।

ख) "नेपाली खण्डकाव्य परम्परामा "मायाविनी सर्सी"।

ग) "जन्दगीको मौसम" कविता को गूढार्थ।

इ) "म्हेन्दु" खण्डकाव्य का विशेषताहरू।

३। कुनै पाँच प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नोत्तर पाँचदेखि सात वाक्यभिन्न हुनु आवश्यक छ : ५×२=१०

क) ''बन स्वदेशका खेवनहार,

दमन गर काम,

दमन गर पशुता''

— प्रस्तुत कविता पङ्क्ति कुन काव्यबाट लिइएका हनु? यसका वक्ता को हुन् र वक्ताले कसलाई, कुनप्रसङ्गमा भनेका हुन्? यस भनाइको अभिप्राय के हो?

ख) ''म पोखरी झैँ उहि ठाउँ जम्दिनँ''— भनेर महाकवि देवकोटाले के भनेका हुन्? यस भनाइको आशय के हो?

ग) ''यात्री'' कविताका आधारमा महाकवि देवकोटालाई नास्तिक कवि भन्न सकिन्छ? किन?

घ) ''चन्द्रमालाई चन्द्रमा हेर्छिन् कौसी र आकाश,

स्वर्गको अटाली हाँस्दछिन् यौटी, यौटी छन् उदास्।।''

— प्रस्तुत कवितामा कुन अलङ्कार पर्न गएको छ? कसरी?

ङ) मोरेजले देवकोटालाई 'चसरदेखि इलियट सम्मका सङ्कलन हुन्'— भनेर के भनेका हुन् र किन भनेका हुन्?

च) गुण एवम् रीतिका दृष्टिले ''झञ्झाप्रति'' कविता कुन गुण एवम् रीति प्रधान कविता ठहर्छ? किन्?

छ) महाकवि देवकोटालाई क्रान्तिकारी कवि भन्न सकिन्छ? किन?



ज) ''काँटा कुल्चे फुल पुलदछन्, आँसु नै मोति हुन्छन् ,

धाऊ लागे सुख बनदछन्, रोदनै हास्य बन्छन्।

दारिद्र्यैले ढुकुटि भरने, क्लेश बन्ने विलास,

धर्मैको हो पथ, पथिक हो धर्म हो एक आस।।''

—प्रस्तुत कविता पङ्क्ति कुन कविताबाट उद्धृत गरिएका हुन्? यी कविता पङ्क्ति कुन छन्दमा छन्? त्यस छन्दका लक्षण सहित छन्दको नाम लेख्नुहोस्।

झ) ''दर्शन हाम्रो पुच्छरमा छ धुम्रेको,

व्यक्तित्त्व हाम्रो पोशाकमा छ उम्रेको।।''

—प्रस्तुत कविता पङ्क्ति कुन कविताबाट उद्धृत करिएका हुन्? यस भनाइ को तात्पर्य के हो?